# बनेपा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल


पत्र संख्या: २०८०/०८०

चलानी नं.: ४२५०

मिति: ..................२०८०।३।२७

विषयः निर्णय प्रतिलिपि पठाइएको ।

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
नगरपालिका व्यवस्था शाखा, सिंहदरबार, काठमाण्डौ ।
श्री जिल्ला समन्वय समितिको कार्यालय, काभ्रेपलाञ्चोक ।
श्रीमान् प्रमुखज्यू/ श्रीमान् उपप्रमुखज्यू, बनेपा नगरपालिका ।
श्री वडाध्यक्षज्यूहरु (सबै), बनेपा नगरपालिका ।
श्री कार्यपालिका सदस्यज्यूहरु (सबै) बनेपा नगरपालिका ।
श्री वडा समितिको कार्यालय (सबै), बनेपा नगरपालिका ।
बनेपा नगरपालिका ।
श्री ... ... .... ... ...शाखा
बनेपा नगर कार्यपालिकाको कार्यालय ।

उपर्युक्त सम्बन्धमा बनेपा नगरपालिका, नगर कार्यपालिकाको मिति २०८० साल असार २१ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णय प्रतिलिपि यसै साथ संलग्न गरी पठाइएको व्यहोरा अनुरोध छ ।

कार्यार्थ
श्री सूचना प्रविधि अधिकृत
बनेपा नगरपालिका । – *वेभसाइटमा राखी सम्बन्धित शाखा तथा वडामा मेल समेत गर्ने ।*

ध्रुवराज नेपाल
नि. प्रमुख प्रशासकीय अधिकृत
नि. प्रमुख प्रशासकीय अधिकृत

बनेपा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बनेपा, काभ्रेपलाञ्चोक
बागमती प्रदेश, नेपाल
२०७३

बैठक संख्या : २६

बनेपा नगर कार्यपालिकाको देहायको विषयहरुमा छलफल गर्न आज मिति २०८० साल असार २१ गते बिहिबार दिनको ११:०० बजे नगर प्रमुख शान्तिरत्न शाक्यको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक निम्नानुसारका सदस्यहरुको उपस्थितिमा बसी विभिन्न निर्णयहरु गरियो ।

**-:: उपस्थिति ::-**

| क.सं. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | प्रमुख | श्री शान्तिरत्न शाक्य | उपस्थित |
| २ | उप प्रमुख | श्री विमला सापकोटा | उपस्थित |
| ३ | सदस्य (वडा नं. १) | श्री कमल प्रसाद घिमिरे | उपस्थित |
| ४ | सदस्य (वडा नं. २) | श्री रामप्रसाद घिमिरे | उपस्थित |
| ५ | सदस्य (वडा नं. ३) | श्री रमेश दाहाल | उपस्थित |
| ६ | सदस्य (वडा नं. ४) | श्री श्यामसुन्दर श्रेष्ठ | उपस्थित |
| ७ | सदस्य (वडा नं. ५) | श्री बलराम अधिकारी | उपस्थित |
| ८ | सदस्य (वडा नं. ६) | श्री सचितानन्द के.सीं | उपस्थित |
| ९ | सदस्य (वडा नं. ७) | श्री हिटलर शाक्य | उपस्थित |
| १० | सदस्य (वडा नं. ८) | श्री शुभलक्ष्मी मानन्धर | उपस्थित |
| ११ | सदस्य (वडा नं. ९) | श्री नृपेश वादे | उपस्थित |
| १२ | सदस्य (वडा नं. १०) | श्री सुशिल थापा | उपस्थित |
| १३ | सदस्य (वडा नं. ११) | श्री शिवकुमार थापा | उपस्थित |
| १४ | सदस्य (वडा नं. १२) | श्री रामवहादुर कुँवर | उपस्थित |
| १५ | सदस्य (वडा नं. १३) | श्री रामलाल दुवाल | उपस्थित |
| १६ | सदस्य (वडा नं. १४) | श्री टुल्कु लामा | उपस्थित |
| १७ | सदस्य | श्री शुभद्रा बजगाँई | उपस्थित |
| १८ | सदस्य | श्री समिता थापा | उपस्थित |
| १९ | सदस्य | श्री ज्योति बोगटी | उपस्थित |
| २० | सदस्य | श्री सरिता कुमारी श्रेष्ठ | उपस्थित |
| २१ | सदस्य | श्री द्रौपदा खत्री क्षेत्री | उपस्थित |
| २२ | सदस्य | श्री बिक्रम भुजेल | उपस्थित |
| २३ | सदस्य | श्री कमला परियार | उपस्थित |
| २४ | सदस्य | श्री रबिन्द्र सुनार | उपस्थित |
| २५ | सचिव | श्री शिवप्रसाद हुमेगाई<br>प्रमुख प्रशासकीय अधिकृत | उपस्थित |

छलफलका विषयहरु

१. आ.व. २०८०।०८१ को बजेट नगर सभामा पेश गर्ने सम्बन्धमा

२. चण्डेश्वरी मा.वि. मा बस सेवा सञ्चालन सम्बन्धमा

३. सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको फारम स्वीकृत तथा विवरण इन्ट्रि सम्बन्धमा

४. ठेक्का संझौताबाट सञ्चालिन चालु योजनाहरुको बजेट सुनिश्चितता तथा म्याद थप सम्बन्धमा

५. विविध

-::निर्णय::-

१. गत बैठकको निर्णय समीक्षा गरियो ।

२. आर्थिक वर्ष २०८०।०८१ का लागि बनेपा नगरपालिकाको अनुमानितरु. १,३५,४९७२,०००। (एक अरब पैतीस करोड उनान्चास लाख बहत्तर हजार) कुल आय व्यय भएको बजेट सिमा भित्र रही श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले निर्धारण गरी सिफारिस गरेको बजेट सिमा भित्र रही विषयगत समितिहरुको बैठकबाट भएको सिफारिस समेतका आधारमा बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट सिफारिस भई आए बमोजिमको बजेट तथा कार्यक्रम सहितको बनेपा नगरपालिकाको विनियोजन विधेयक, २०८० स्वीकृतिका लागि प्रस्ताव प्रस्तुत गर्ने निर्णय गरियो ।

३. बनेपा नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयहरु मध्ये विद्यालय स्वयमका नाममा स्कूल बस रही सञ्चालन भई रहेका विद्यालयका हकमा प्रति वर्ष रु. ३,००,०००। का दरले स्कूल बस सञ्चालन खर्च उपलब्ध गराउने निर्णय गरियो ।

४. अव्यवस्थित बसोबासी र सुकुम्बासीहरुबाट जग्गा प्राप्तिका लाग फारम भरी सम्बन्धित वडाबाट प्रमाणित भई आएका फारमहरु निर्धारित ढाँचामा प्रविष्टि गर्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

५. बनेपा नगरपालिका अन्तर्गत यस अगाडि सम्झौता भई सञ्चालन भई रहेका योजनाहरुका हकमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

क) संघीय तथा प्रदेश समपुरक तथा विशेष अनुदानका निर्माण व्यवसायीसँग संझौता भई सञ्चालित म्याद समाप्त भएका वा हुने अधुरा योजनाका हकमा म्याद समाप्त भएका मितिले २०८० साल अशोज मसान्तसम्म म्याद थप गर्ने र चालु आ.व. मा भुक्तान भई बाँकी हुन आउने रकम नगरपालिका कोषबाट भुक्तानी दिने ।

ख) बनेपा नगरपालिका वडा नं. १२ मा सञ्चालित भैंसेपाटी बाँसडोल सडक निर्माणका लागि संझौता भएको निर्माण व्यवसायी आत्रेय/सिवाको/ बस्नेत जेभीसँग भएको संझौताको म्याद समाप्त भएका मितिले २०८० साल असार मसान्तसम्म थप गर्ने ।

ग) यस अगाडी संझौता भई कार्यान्वयन भई रहेका उपभोक्ता समिति मार्फत सञ्चालित तपसिल बमोजिमका योजनाका हकमा मिति २०८० साल अशोज मसान्तसम्म म्याद थप गर्ने र भुक्तानी दिन बाँकी रकम नगरपालिकाको कोषबाट व्यहोर्ने ।

(१) कार्कीगाउँ गोशाई स्थान डिप बोरिङ खानेपानी योजना- बनेपा ६

(२) आइटी पार्क बोगटी गाउँ खानेपानी योजना- बनेपा ११

(३) साँगा चोक सार्वजनिक शौचालय निर्माण- बनेपा १४

६. बनेपा नगरपालिका वडा नं. ९ मा सञ्चालित स्वास्थ्य केन्द्रमा बर्थिङ्ग सेन्टर सञ्चालनका लागि आवश्यक व्यवस्था मिलाउने र उक्त स्वास्थ्य संस्थामा रहने गरी सम्बन्धित वडा कार्यालयबाटै एक जना कार्यालय सहयोगी करार सेवामा राख्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

७. पूर्ण खोप सुनिश्चित नगर घोषित बनेपा नगरपालिकामा आ.व. २०७९।०८० मा समेत खोप लगाउन छुटेका बालबालिका नपाईकाले पूर्ण खोप सुनिश्चित नगर घोषणालाई निरन्तरता दिन निर्णय गरियो ।

८. सरोकार रिसर्च एण्ड डेभेलोपमेन्ट प्रा.लि. र यस नगरपालिका बिच भएको बालबालिका सम्बन्धी प्रोफाईल तयारी सम्बन्धी संझौताको म्याद मिति २०८० साल भदौ मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

९. नगर क्षेत्रभित्र सञ्चालित संघसंस्थाहरुले पेश गरेका आगामी आ.व. २०८०।०८१ को कार्यक्रमलाई बनेपा नगरपालिकाको बजेट तथा कार्यक्रम पुस्तिकामा समावेश गर्ने निर्णय गरियो ।

१०. बनेपा नगरपालिकाको नगर सभाको बाह्रौ अधिवेशनको दोस्रो दिनको बैठकका लागि निर्धारित दिनका लागि देहाय बमोजिमको कार्यसूची स्वीकृत गर्ने निर्णय गरियो ।

बनेपा नगरपालिका

नगर सभाको दशौं अधिवेशन

२०८० असार २२

कार्यसूची

| कार्यक्रम | | अनुमानित समय | कैफियत |
|---|---|---|---|
| सभाका सदस्यहरुको आगमन र जलपान | | ८:००-८:४५ | |
| १. | सभाका सदस्यहरु सभा कक्षमा प्रवेश तथा उपस्थिति | ८:४५-९:०० | |
| २. | नगर सभाका अध्यक्ष एवं बनेपा नगरपालिकाका प्रमुखज्युको सभामा आगमन | ९:०० | |
| ३. | सभाध्यक्षबाट आशन ग्रहण र राष्ट्रिय गान तथा नगर गान प्रस्तुती | ९:००-९:१० | |
| ४. | बनेपा नगरपालिकाका उपप्रमुखले मिति २०८०।३।१० मा टेबुल गरेको बनेपा नगरपालिकाको आर्थिक विधेयक, २०८० उपर छलफल प्रारम्भ | ९:१०-१०:०० | |
| ४. | सभा समक्ष टेबुल भएको बनेपा नगरपालिकाको आर्थिक विधेयक, २०८० निर्णयार्थ प्रस्तुत | १०:१०-१०:२० | |
| ६. | बनेपा नगरपालिकाका उपप्रमुखबाट आ.व. २०८०।०८१ को बजेट तथा कार्यक्रम र विनियोजन विधेयक, २०८० सभा समक्ष टेबुल | १०:२०-११:०० | |
| ३ घण्टाका लागि बैठक स्थगन तथा भोजन | | ११:००-१४:०० | |
| ७. | बजेट तथा कार्यक्रम र विनियोजन विधेयक, २०८० उपर छलफल प्रारम्भ | १४:००-१४:४० | |
| ८. | बजेट तथा कार्यक्रम र विनियोजन विधेयक, २०८० निर्णयार्थ प्रस्तुत | १४:४०-१५:०० | |
| ९. | नगर सभाका अध्यक्षबाट विविध प्रस्तावहरु सभा समक्ष टेबुल | १५:००-१५:१० | |
| १०. | विविध प्रस्ताव निर्णयार्थ प्रस्तुत | १५:१०-१५:१५ | |
| ११. | बनेपा नगरपालिकाको नगर सभाको बाह्रौ अधिवेशन समापन समारोह | १५:१५-१५:३० | |
| सभाध्यक्षबाट धन्यवाद सहित बाह्रौ अधिवेशन अन्तको घोषणा | | १५:३० | |
| सन्ध्याकालिन भोज | | | |